## परिशिष्ट - १

**फादर जुलिस डुनेलकृत पुरानो अनि नयाँ सास्तरको कथा पर्वते कुरा (सन् ११८६६) बाट**

सबै पृथिवी लाई सृजना गरेको

भगुवानले स्वर्ग अनि पृथिवी छः दिनको माझ मां सृजना गर्‍यो तब पहिलो दिन मां उनले उँजीयालो बनायो दूसरो दिन मां अकाश बनायो अनि तेसलाई स्वर्गको नाउँ राख्यो तिसरो दिन मां उनले पानी एकै ठाउँ मां थुपर्‍यायो अनि भूँई देखि रूख हरू अनि बिरूवाहरू निकाल्यो चौथा दिन मां उनले घाम जुन अनि ताराहरू बनायो पाँचवा दिन मां उनले अकाश मां उड्ने चराहरू अनि पानी मां पौरी नै माछाहरू बनायो छटवाँ दिन मां सबै पशुहरू बनायो वाँहा देखी उनले सबै भन्दा पछि मानछे बनायो सात वाँ दिन मां भगुवानले बिसायो।

फादर जुलिस डुनेल

(सन्दर्भ साहित्य, दयारत्न शा.भि. कालिम्पोङ, सन् १९८२

परिशिष्ट - २

## रूपनापायण सिंहको पहिलो प्रकाशित कथा 'परिवर्तन' (गोर्खा संसार, अङ्क ४, सन् १९२६)-को मूल पाठ :

१

सुख सम्बन्धसूचक शब्द हो। कुनै व्यक्ति सुखी छ भन्नाले उक्त व्यक्तिको अवस्था तथा स्थिति अरूहरूको तुलनामा श्रय छ, यही अप्रिप्राय बुझिन्छ। वृद्ध रतनसिंहको अवस्था स्वच्छ थियो, शहरमा प्रतिष्ठा थियो विद्वान समाजमा आदर थियो वृद्ध सर्व प्रकारले सुखी थिए।

वृद्धा अवस्थामा पुत्र रत्न प्राप्त भयो, वृद्धाको हर्षको सीमा रहेन। वृद्धाको चिरसञ्चित अभिलाषा पूर्ण भयो। नवजात शिशुको आगमनले वृद्धको वंश लोप हुने शङ्का दूर भयो। शहरका सुयोग्य पण्डित श्री देवशर्मामाथि पुत्रको शिक्षाको भार सुम्पेर वृद्ध निश्चितपूर्वक समय यापन गर्न थाले।

प्रतापसिंह प्रियदर्शन धीमान तथा मिष्ट भाषी बालक थियो। बालकको सुन्दर सरल आकृति, मिष्ट भाषण औ शिष्ट आचरणले सबै मुग्ध थिए। प्रताप सरलताका मूर्ति थियो, स्वर्गीय शान्ति एवं पवित्रता त्यसका प्रफुल्ल मुख कमलमा विराजमान थिए। भविष्यमा प्रतापबाट देश र दश जनाको अवश्य उपकार होला। सबैले एक मुख भएर यो कुरा स्वीकार गर्थे (पुत्रको वालसुलभ प्रशंसा सुनेर वृद्ध आनन्दाश्रु बहाउँदै, मन मनैमा इष्ट देवताप्रति प्रणाम गर्थे।

अनेक वर्ष व्यतीत भयो। अमावस्यको राती थियो औ माघको मैना। दारूण गीत र धनान्धकारले समस्त संसारलाई छोपी राखेका छन्। निस्तब्ध जनमानवहीन सड़कमा यस्तो असमयमा एउटा व्यक्ति अति सतर्कतासँग हिंडी रहेको छ। साधारणतः भद्र मानिसहरू विशेषत यस्तो कुसमयमा, शहरको यस भागमा देखा पर्दैनन्। शहरको उत्तरी प्रान्तमा समाजच्युत व्यक्तिहरूको वास छ। हाम्रा भ्रान्त पथिक श्री देव शर्मा घटनाक्रमले यस पिशाचपुरीमा आइपुगेका हुन्। दारूण शीत र सूचीमेध अन्धकारसँग युद्ध गर्दै शर्माजी व्यर्थमा गन्तव्य पथ आविष्कार गर्ने चेष्टा गर्दै थिए। सहसा अतिदूरबाट मानिसहरूको अट्टाहास्य औ कोलाहल ध्वनि शर्माजीको कर्णकुहरमा प्रवेश गऱ्यो। छेवैमा मानिसहरूको वस्तीको सन्धान पाएर, शर्माजी आश्वस्त भए औ तत्तपट्रि अग्रसर भए। प्राचीन कुनै एक अट्टालिकाको भग्नावशेषमा अनेक नरनारी एकत्रित थिए। ओह! त्यो दृश्य देखेर शर्माजीका चक्षुदय स्थित भए। विस्मय र घृणाले तिनको मुख रक्तवर्ण भयो। आजन्म उहाँले यस्तो दृश्य देखेका थिएनन्। मतवालाहरूको

ताण्डव भ्रष्टाहरूको निर्लज्ज आचार, पतितहरूको अधः पतन नित्यका अभिनय त्यहाँ चलिरहेका थिए। पतिताहरूको अस्वाभाविक हास्य औ पतितहरूका अनर्गल शब्द औ विकट चित्कार चारैपट्टि गुञ्जयमांन थिए। सबै एकै धूनमा मस्त थिए। पाशविक वासनाको तृप्ति सबैको लक्ष्य थियो।

हाम्रा शर्माजी यस्तो कुत्सित दृश्य देखेर केही कालसम्म किंकर्त्तव्यविमूड़ भाएर उभिरहे, तर छिटै होशमा आएर द्रुतपदले त्यस स्थानको परित्याग गरेर बाहिर निस्के। सबै आफ्ना धुनमा मस्त थिए, शर्माजीलाई लक्ष्य गर्ने अवसर कसैलाई प्राप्त भएन। वाहिर पूर्ण अन्धकार थियो, पथभ्रांत शर्माजीलाई गन्तव्य पथ कुन हो केही थाहा छैन। के गर्नु? नितांत अनिच्छापूर्वक मतवालाहरूलाई केही प्रश्न गर्ने स्थित गरेर शर्माजी फर्के। भित्र तुमुल युद्ध चलिरहेको थियो। हस्ता-हस्ती केशाकेशी, दण्डादण्डी! विशेष केही होइन, मतवालाहरूको नियमित तथा स्वभाविक काण्ड! सहसा, एउटा सर्वांग शोणितलिप्त व्यक्ति शर्माजीको सामनेमा भूमिसात भयो। निधारबाट शत्धारा रक्तधारा बहदै थिए। त्यस व्यक्तिको आकृति अति कुत्सित एवं कदाकर थियो, पापाशक्तिपूर्ण चक्षुद्वय कोटरबाट बाहिर निकालिएका थिए, गण्डस्थल पापकालिमाले कलङ्कित। मानिसको आकृति यस्तो पिशाचको जस्तो हुन सक्छ, यो शर्माजीको कल्पनामा पनि उदित भएको जस्तो हुन सक्छ, यो शर्माजीको कल्पनामा पनि उदित भएको थिएन। युद्ध समाप्त भयो, प्रमोदकारीहरू पूर्ववत् पैशाचिक कीड़ाहरूमा निभग्न भए। एउटा मानिस मृतप्रायः लड़िरहेको छ, तर कसैलाई त्यसको सुधी लिने अवसर पनि छैन। मानिसको मानसिक तथा नैतिक अधः पक्तको यो चरम सीमा हो।

२

अभावनीय, अमानुषिक काण्ड शर्माजीको हृदय क्रोध-ग्लानि, दुःख औ क्षोभले पूर्ण भयो तर तिनले आफ्नु कर्त्तव्य भुलेन। मुर्मूषलाई घटनास्थलबाट उठाएर बाहिर लगे। राती प्रायः बितिसकेको थियो। उषाका शुभ छटा अन्धकारलाई पराजित गरेर आफ्नो साम्राज्य फैलाउने प्रयत्न गर्दै थिए। चराचुरूङ्गीहरू वृक्ष समुहमा मधुर कलरव गरेर प्रातः कालको शुभागमन सुप्त संसारलाई सुनाउँदै थिए। प्रमोदकारीहरूको उल्लास ध्वनि पनि अस्पष्टतर हुन लाग्यो।

स्वच्छ झरना अविश्रान्त कलकल शब्द गर्दै नजिकैमा बही रहेको थियो, शर्माजीले अंजुलिमा पानी ल्याएर आहत व्यक्तिको मुख सिंचन गरे। प्रातः कालको चीसो वायु र जलले गर्दा त्यसको शरीरमा केहि शक्तिको सञ्चार भयो, औ होश फर्कियो। शर्माजी त्यसका आहत मस्तक एकान्त यत्नपूर्वक धौत गर्नमा तन्मय थिए, मुर्मूषुको राम्ररी हेर्ने अवसर तिनलाई प्राप्त भएको थिएन। अर्धस्फुट स्वरमा सहसा

आहत व्यक्तिले केही प्रश्न गऱ्यो।

विहान भै सकेको थियो। उषाका शुभ छटा विजितनेत्रले हाँसी रहेका थिए। सूर्य्यका बालकिरण सद्यस्फुटित पुष्पहरूलाई चुम्बन गर्दै थिए। शिक्षक र शिष्यको यो मिलन। श्री देव शर्माले आफ्नु प्रिय शिष्य प्रतापलाई चिने। प्रतापले आफ्ना देवतुल्य गुरुलाई चिन्यो। निष्कलङ्क, निष्पाप शिक्षक आदिको जस्तै सरल तथा ममतापूर्ण थिए तर पापी पतित शिष्यको त्यो कोमल हृदय मरूभूमि झैं शुष्क औ बज्रतुल्य कठिन। शर्माजीलाई प्रतापको त्यो अधः पतन देखेर दारूण मनस्ताप भयो। शर्माजी मानिस थिए, मनुष्यताका उच्च भावहरू उनका हृदयमा वर्तमान थिए, तर अफशोस प्रताप पशुभन्दा पनि हीन भै सकेको थियो, त्यसको हृदयबाट उच्चभावहरूले एक एक गरी विदा लिइसकेका थिए। अनुशोचक तथा लज्जाको भाव त्यसले मरणोन्मुख भएर पनि देखाए। त्यही पापशक्तिपूर्ण भाव लिएर त्यसले प्राण त्याग गऱ्यो।

यो अभावनीय परिवर्तन, यो देवताको असुरत्व प्राप्ति कसरी भयो? मनोहर मानवमूर्ति यस्तो विभीषिका पूर्ण कसरी भयो? हाय जसको मनोरम निर्मल, स्वर्गीय माधुरीमय अनुहार हेरेर मानिसहरू मुग्ध हुन्थे, जसको शिष्ट आचरणले गुरूजनहरू प्रीत थिए जसको प्रशंसा विपक्ष दलले पनि मुक्त कण्ठले गर्थे, त्यही बालक कस्तो कदाकार, भ्रष्टाचार एवं पापको प्रतिकृति स्वरूपमा परिणति भयो। जसबाट समाज संसारको ठूलो आशा थियो। त्यही व्यक्ति समाजच्युत व्यक्तिहरूको नेता भयो।

एकान्त चेष्टा र यत्नले शर्माजीलाई त्यसको इतिवृत अवगत भयो। पिताको मृत्युपछि हतभाग्यले कुसंगमा लागेर सुरापन गर्न थाल्यो। क्रमशः अधिकतर दुर्जनहरूको सहवासमा अधिकतर प्रलोभनमा आकृष्ट भएर नाना दुष्कार्य्य गर्न थाल्यो औ आफै पनि दुर्जन भयो। अन्त्यमा अतः पतनको चरम सीमामा पुगेर दुर्जन झैं हातबाट गरियो।

अभावनीय परिवर्तन? यस्तो परिवर्तन संसारमा नित्य हुन्छ। आज जसलाई महापापी भनेर घृणा गर्छौं, जसको अमानुषिक कार्य्यको विवरण सुनेर स्तम्भित हुन्छौं त्यो एक दिन शायद कलङ्क निष्कलङ्क पवित्र शिशु थियो, शायद दसजना झैं त्यो पनि आदर र स्नेहमा तालितपालित भएको थियो।

(गधा शर्मा, रूपनारायण सिंहका
कथा र उपन्यासको समाज शास्त्रीय अध्ययन) अ.प्र.,
उत्तर बङ्ग विश्वविद्यालयमा (डाक्टर अफ् फिलोसफी आर्ट्स)
पी.एच.डी. उपाधिका निम्ति प्रस्तुत शोध ग्रन्थ सन् २...

परिशिष्ट ३

सन् १९२५ मा प्रकाशित पारसमणि प्रधान र शेषमणि प्रधानको

नेपाली साहित्य कथामाला

# नेपाली साहित्य कथामाला

नेपाली साहित्य सम्मेलन

किं किं न साधयति कल्पलतेव विद्या

दार्जीलिङ

लेखक—

श्रीपारसमणि प्रधान

र

श्रीशेषमणि प्रधान

# नेपाली साहित्य कथामाला

श्रीपारसमणि प्रधान

र

श्रीशेषमणि प्रधान

लिखित।


दार्जीलिङ,

नेपाली साहित्य सम्मेलन।

प्रथमबार ] १९२५ [ मूल्य ।।≈)